मिति २०७८/०४/२६ वैठक संख्याः ७४

आज मिति २०७८/०४/२६ गते बिहान ८:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

श्री दुर्गा बहादुर राना

## देवघाट गाउँपालिका

**वैठक संख्या ७४** **मितिः २०७८/०४/२६**

**प्रस्तावहरुः**

१. समिक्षा तथा जानकारी ................
२. जिल्ला प्रशासन कार्यालय तनहुँको च.नं. २६३ र २६४ मिति २०७८/०४/१२ को पत्र बमोजिम श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्न गएको उजुरीका सम्बन्धमा कार्यालयको राय प्रतिक्रिया सम्बन्धमा ।
३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंको पत्रको जानकारी तथा राय प्रतिक्रिया तयार गर्ने सम्बन्धमा ।
४. संशोधन सहितको वार्षिक बजेट तथा कार्यक्रमका लागि गाउँ सभा बोलाउने सम्बन्धमा ।
५. गाउँ सभामा पेश गर्ने प्रस्ताव/एजेण्डा संशोधन सहितको आ.व. २०७८/०७९ को वार्षिक नीति कार्यक्रम तथा बजेट सम्बन्धमा ।

**निर्णयहरुः**

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. जिल्ला प्रशासन कार्यालय, दमौली, तनहुँका प.सं. २०७७/०७८, च.नं. २६३, मिति २०७८/०४/१२ गतेको कागजात सहित राय प्रतिकृया पठाइदिने व्यहोराको मिति २०७८/०४/१३ गते यस कार्यालयमा प्राप्त हुन आएको पत्रको व्यहोरा अन्तर्गत उजुरीका विषयहरु खण्डको बुँदा नं. १ देखी बुँदा नं. ५ सम्मका विषययहरु र उपलब्ध गराइदिनुपर्ने कागजातहरु खण्डको बुँदा नं. १ देखि बुँदा नं. ८ सम्मका सबै विषयहरु प्रस्तुत भई बुँदागत रुपमा जानकारी भयो । उल्लेखित विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी आवश्यक कारवाहीको लागि जिल्ला प्रशासन कार्यालयबाट उजुरीका सम्बन्धमा यस गाउँपालिका कार्यालयको प्रतिक्रिया सहित कामकारवाही सँग सम्बन्धित कागजातहरुको छाँया प्रति समेत उपलब्ध गराइदिन लेखिआएको पत्र प्राप्त भए पश्चात पनि लगत्तै सो विषयमा जानकारी लिई अभिलेखमा रहेका कागजात संकलन र अध्ययन सहितको आवश्यक काम भइरहेकोमा माग भइ आएका कामकारवाहीका सम्बन्धमा अध्ययन सहित राय प्रतिकृया दिने विषयमा थप स्पष्ट भई गाउँपालिकाको धारणा सहित निर्णयको लागि प्रस्तुत गरिएकोमा पत्रमा समावेश भएका विषयहरुमा अलग अलग गरी विस्तृत रुपमा छलफल र समीक्षा समेत गरियो ।

   पत्रमा उल्लेख भएअनुसार विभिन्न आर्थिक वर्षमा विभिन्न आर्थिक वर्षमा यस कार्यालयबाट विभिन्न घाटबाट नदीजन्य पदार्थ उत्खनन् र संकलन तथा व्यवस्थापनको लागि लगाईएका ठेक्काबाट भएको उत्खनन् तथा निकासी कर र गाउँसभाले रु. ४५,००,०००/– छुट दिएको, मेशिनरी औजार प्रयोग गर्न लिखित/मौखिक अनुमति दिएको, जनप्रतिनिधिहरु प्रत्यक्ष/अप्रत्यक्ष रुपमा ठेक्का पट्टामा संलग्न

नरहरि आपकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष

रहेको, कार्यालयमा बेरुजु बढ्दै गएको र फछ्र्यौट नगरिएको, वडा नं. ५ को हाट बजार भवन निर्माण गर्दा व्यापक आर्थिक अनिमियतता भएको, सेती भतेरी र काली भतेरी घाटबाट नदीजन्य पदार्थ उत्खनन्को ठेक्का व्यवस्थापन र उत्खनन् परिमाण एवम् सो वापत दाखिला भएको राजश्व रकम, ठूला मेशिनरी औजार प्रयोग गर्न दिने अनुमति, सो को कानुनी आधार र नियन्त्रण संयन्त्र लगायतका कामकारवाहीका सम्बन्धमा यस कार्यालयबाट भए गरिएका कार्यप्रक्रियाको कागजातको अध्ययन गर्दा गाउँपालिकालाई प्राप्त भएको काम, कर्तव्य र अधिकार उल्लेख भएका कानुनी व्यवस्थाको अधिनमा रही आवश्यकतानुसार कानुन निर्माण र स्वीकृत गरी विभिन्न मितिका गाउँसभा र कार्यपालिकाको बैठकबाट निर्णयहरु गरी सोको कार्यान्वयनको सिलसिलामा नियमित प्रशासनिक कार्य सम्पादन गर्ने सन्दर्भमा गाउँपालिका कार्यालय र आम नागरिक तथा सेवाग्राही महानुभावहरुको सर्वोत्तम हितलाई मध्यनजर गरी प्रचलित कानुन बमोजिमको कार्य प्रक्रिया पुरा गर्दै असल नियतका साथ कामकारवाहीहरु गरिएको र पत्रमा उल्लेख गरिए बमोजिम गाउँसभाले रु. ४५,००,०००/- छुट नदिएको र जनप्रतिनिधीहरु प्रत्यक्ष/अप्रत्यक्ष कुनै पनि रुपमा ठेक्का पट्टाका कुनै पनि कार्यमा संलग्न नभएको, अनियमितता तथा कानुन विपरितका कुनै पनि कामहरु नभएको नगरिएको निष्कर्ष सहितको व्यहोरा खुलाई माग गरिएका काम सँग सम्बन्धित अभिलेख कागजातहरुको छायाँ प्रति सहितको विवरण एवम् यसै निर्णयको प्रतिलिपी समेत संलग्न गरी लिखित जवाफ पठाउने निर्णय गरियो ।

साथै जिल्ला प्रशासन कार्यालय, दमौली, तनहुँका प.सं. २०७७/०७८, च.नं. २६३, मिति २०७८/०४/१२ गतेको कागजात सहित राय प्रतिकृया पठाइदिने व्यहोराको मिति २०७८/०४/१३ गते यस कार्यालयमा प्राप्त हुन आएको पत्रको व्यहोरा अन्तर्गत सम्बन्धित टोल विकास संस्थाको निर्णय माईन्युट सहितको पत्र र सम्बन्धित वडा कार्यालयको पत्र संलग्न गरी पठउने निर्णय गरियो ।

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंको प.सं. ४/स्थानीय/२५३२/२०७७/०७८ च.नं. ०४७४ मिति २०७८/०४/०४ को पत्रको जानकारी गराई सो सँग सम्बन्धित कागजात तथा राय प्रतिक्रिया तयार गर्ने निर्णय गरियो ।

४. आ.व. २०७८/०७९ को संशोधन सहितको वार्षिक बजेट तथा कार्यक्रमका लागि गाउँ सभा बोलाउने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०७८/०७९ को लागि गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त मिति २०७८/०३/१० गते चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४५,९८,७८,०००.०० (अक्षेरुपी पैंतालिस करोड अन्ठानब्बे लाख अठहत्तर हजार रुपैया मात्र) बजेट विनियोजन गरिएकोमा उक्त संशोधित बजेट रकम रु. ४९,४९,७८,०००.०० (अक्षेरुपी उन्पचास करोड उन्पचास लाख अठहत्तर हजार रुपैया मात्र) पेश गर्ने निर्णय गरियो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष